नागार्जुन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड (१), काठमाडौं भाद्र १ गते, २०७५ साल (संख्याः ८)

## भाग २
## नागार्जुन नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नागार्जुन नगरपालिकाको नगरकार्यपालिका तथा नगरसभाबाट मिति २०७५/०३/१० मा पारित एवं स्वीकृत कार्यविधि प्रकाशन गरिएको छ ।

# नागार्जुन नगरपालिकाको "विपद् कोष व्यवस्थापन कार्यविधि २०७५"

**<u>प्रस्तावना</u>**

विपद्को दृष्टिकोणबाट नेपाल संसार कै संवदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाईसराई, जथाभावी वन फडानी तथा अतिक्रमण, अवैज्ञानिक खेती प्रणाली कृषिमा अव्यवस्थित चाप, जनसंख्याको बढ्दो चाप, अव्यवस्थित शहरीकरण, अदूरदर्शी भौतिक संरचना निर्माण, जलवायुजन्य जोखिम, जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो, महामारी, झाडा पखाला, अनिकाल आगलागी र भूकम्प जस्ता दुर्घटनामा हजारौं मानिसहरुको मृत्यु हुने गरेको छ । यस्ता प्रकारका विपद्बाट जीउधन माथि भएको क्षति त छँदैछ, भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यसरी हुने

गरेका मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नागार्जुन नगरपालिकाको कोषमा जम्मा भएको रकम नागार्जुन नगरपालिका विपद् कोष खडा गरी सोही कोष मार्फत यस्ता प्रकारका क्षतिमा खर्च गर्दा प्रभावकारी हुने देखि विपद्कोष व्यवस्थापन कार्यविधि २०७५ लागु गरिएको छ ।

**उद्देश्य :-**

(क) विपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु ।

(ख) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु ।

(ग) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।

(घ) विपद्बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्कालै राहत उपलव्ध गराउनु ।

(ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अघि वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

(च) विपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना प्रकोप पूर्वको तयारीका लागि उपलव्ध गराउनु ।

(छ) राष्ट्रिय योजना आयोगले बनाएको उद्देश्य परिपूर्तिका लागि उन्मुख हुनु ।

(ज) विपद्का लागि लागु हुने प्रयास रोकथाममुलक नवनाई उपचारमुलक बनाउनु ।

(झ) विपद् व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु ।

(ञ) विपद् सम्वन्धी सूचना दिने प्रविधिको स्थापना तथा व्यवस्थापन गर्नु ।

## परिच्छेद – एक
## संक्षिप्त नाम र प्रारम्भ

(१) **संक्षिप्त नाम :**– यस कार्यविधिको नाम नागार्जुन नगरपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि २०७५ रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

## परिच्छेद – दुई
## परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “विपद् कोष” :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नागार्जुन नगरपालिकामा स्थापित विपद् कोष बुझिनेछ ।

(ख) “कार्यविधि” भन्नाले नागार्जुन नगरपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि २०७५ लाई बुझाउने छ ।

(ग) “व्यवस्थापन समिति” भन्नाले विपद् कोष व्यवस्थापन कार्यविधि २०७५ सञ्चालन समितिलाई बुझाउँछ ।

(घ) “नगरपालिका” भन्नाले नागार्जुन नगरपालिकाको कार्यालयलाई जनाउँछ ।

(ङ) “विपद्” भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, पशुचौपायाको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

(च) “प्राकृतिक विपद्” भन्नाले बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भूकम्प, ज्वालामुखी विष्फोट, बाढी, हावाहुरी, पहिरो, चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(छ) “गैर प्राकृतिक विपद्” भन्नाले महामारी, अनिकाल, डढेलो, कीटआतङ्क, वर्डफ्लू, सर्पदंश, जनावर आतङ्क, खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन विशाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ ।

(तर “गैर प्राकृतिक विपद्” को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

(ज) “विपद् व्यवस्थापन” भन्नाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी,विपद् पुनर्लाभसँग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनुपर्छ ।

(झ) “विपद् जोखिम न्यूनीकरण” भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन,विपद् रोकथाम, विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण संग सम्वन्धित कार्य सम्झनु पर्छ ।

(ञ) "पूर्व तयारी" भन्नाले विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद – तीन
## व्यवस्थापन समिति गठन

(१) विपद् कोष व्यवस्थापन कार्यविधि २०७४ को सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक सञ्चालन समिति रहनेछ ।

| | |
|---|---|
| (१) नगरपालिका प्रमुख | – संयोजक |
| (२) नगरपालिका उपप्रमुख | – सदस्य |
| (३) प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (४) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | - सदस्य |
| (५) स्थानीय प्रहरी कार्यालयका प्रतिनिधि | – सदस्य |
| (६) इन्जिनीयर/प्राविधिक शाखा प्रमुख | – सदस्य |
| (७) नेपाल रेडक्रस सोसाइटी शाखा प्रतिनिधि | – सदस्य |
| (८) नगरपालिकाको स्वास्थ्य प्रतिनिधि | – सदस्य |
| (९) विपद् शाखा प्रमुख | – सदस्य-सचिब |

आवश्यकता परेमा विपद् कोष व्यवस्थापन समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको काम कर्तव्य र अधिकार

- नगरपालिका विपद् कोष व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- नगरपालिका विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी नगरसभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने ।
- विपद्को घटना घट्नु अगावै जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने ।
- विपद्का लागि पूर्व तयारीमा रहने
- विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न नगरपालिकालाई सिफारिस गर्ने ।

## परिच्छेद–चार
## समितिको बैठक

**गणपुरक संख्या**

(१) समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपूरक संख्या मानिनेछ । तर आपतकालीन अवस्थामा अध्यक्षले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

(२) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि वस्न सक्नेछ ।

(३) यस समितिका पदाधिकारीले बैठक बसेको दिन नगरपालिकाका पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन् ।

## परिच्छेद–पाँच
## कोषको स्थापना र सञ्चालन

(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) नागार्जुन नगरपालिकाबाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।

(घ) अन्य स्रोत

(२) कोषको सञ्चालन: यस कोषको रकम नगरपालिका विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ अनुसार खर्च गरिनेछ ।

(३) कोषमा जम्मा भएको रकम :- यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजन्मा खर्च गर्न पाइने छैन ।

(४) लेखा परीक्षण: यस कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परीक्षण शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

(५) खाता सञ्चालन : यस कोषको खाता सञ्चालन स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार हुनेछ ।

## परिच्छेद – छ
## उद्धार तयारी व्यवस्थापन

(क) विपद्को जोखिममा रहेको क्षेत्रको उद्धारको व्यवस्था गर्ने ।

(ख) तालिम प्राप्त जनशक्तिको साथै विपद्को समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामाग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न, औषधि एवं लत्ताकपडाको भण्डारण गर्न समन्वय गर्ने ।

(ग) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई नगरपालिका विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(घ) विपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भएसम्म विद्यालय,स्वास्थ्य केन्द्र वाहेक तत्कालका लागि अस्थायी रुपमा पुर्नस्थापना गर्न पहिचान गरिएका खुलाक्षेत्रहरु प्रयोग गर्ने ।

## परिच्छेद – सात

## आपतकालिन उद्धार तथा राहत वितरण :

(क) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. २५०००/ का दरले मृतकका परिवारलाई सहयोग उपलव्ध गराइनेछ । गम्भीर घाईते भएमा प्रतिब्यक्ति राहत स्वरुप रु. १५०००/ सहयोग उपलव्ध गराइनेछ । साथै सामान्य घाईते भएमा प्रतिव्यक्ति राहत स्वरुप रु.३,०००/ सहयोग उपलब्ध गराइनेछ ।

(ख) विपद्बाट क्षति भएका भौतिक संरचनाको लागि नगरपालिकाबाट स्वीकृती लिई निर्माण भएको भवनलाई तपसिल अनुसारको राहत उपलव्ध गराइनेछ :-
आरसीसी पक्की घर पूर्ण क्षतिका लागि रु.७५०००/
कच्ची घर पूर्ण क्षतिका लागि रु.५००००/
आरसीसी पक्की घर आंशिक क्षतिका लागि रु.४००००/
कच्ची घर आंशिक क्षतिका लागि रु.३००००/
आरसीसी पक्की घर सामान्य क्षतिका लागि रु.१५०००/
कच्ची घर आंशिक क्षतिका लागि रु.१००००/
घर कम्पाउण्डको पर्खाल भत्तकिइ घरलाई नोक्सान भएमा प्रति घर १५०००/

(ग) विपद्बाट देहाय अनुसारको क्षति भएमा निम्न अनुसारको राहत उपलव्ध गराइनेछ :-
भैसी/राँगा प्रति गोटा(मृत्यु भएमा) रु. ५०००/
गाई/गोरु प्रति गोटा(मृत्यु भएमा) रु. ५०००/
भेडा/बाख्रा (न्यूनतम ५ संख्या भन्दा बढि मृत्यु भएमा) प्रति गोटा रु. १०००/

कुखुरा/हाँस (न्यूनतम १० संख्या भन्दा बढि मृत्यु भएमा) प्रति गोटा रु. २००/

(घ) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखि शिविर संचालन,आवश्यक सहयोग र समन्वय गरिनेछ ।

(ङ) पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही यस समिति मार्फत् राहत सहयोग उपलव्ध गराइने छ । तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलव्ध गराउनु पर्ने तोकिएको राहत रकम वडा अध्यक्षले पिडितलाई उपलब्ध गराउन सक्नुहुनेछ । यसरी उपलब्ध गराएको रकमको सोधभर्नाका लागि आवश्यक कागजातसहित समितिमा पेश गर्नुपर्नेछ ।

(च) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सर्जमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित यस समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ ।

(छ) बिपद्बाट अन्नबालीको क्षति भएमा प्राबिधिकको रिपोर्टको आधारमा कुल क्षतिको १० प्रतिशत बराबर हुन आउने रकम राहत स्वरुप उपलब्ध गराईनेछ ।

(ज) बिपद्बाट देहायको क्षति भएका नगरपालिकाले बिशेष निर्णय गरि राहत उपलब्ध गराउन सक्नेछः-

- सार्बजनिक निर्माणको क्रममा भएको क्षति
- जग्गा जमिनमा भएको क्षति
- महामारीबाट भएको क्षति

## परिच्छेद – आठ
## अनुगमन तथा प्रतिवेदन सम्वन्धमा :

(१) यो निर्देशिका अनुसार गरिएका काम कारवाहीको लागि नगरपालिकाबाट अनुगमन गरिनेछ ।

(२) यो निर्देशिका अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन नगर कार्यपालिकामा पेश गरिनेछ ।

## परिच्छेद – नौ
## संशोधन तथा परिमार्जन सम्वन्धमा :

(१) नगरपालिका विपद् कोषलाई व्यवस्थित बनाउन आवश्यकताअनुसार यस कार्यविधिलाई नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद – दश
## खारेजी तथा वचाऊः

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा "स्थानीय सरकार सञ्चालन ऐन,२०७४", "स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४" तथा अन्य प्रचलित कानूनसँग वाझिएको हकमा वाझिएको हदसम्म खारेजी हुनेछ ।

**आज्ञाले,**
**कृष्ण प्रसाद सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

**नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू. ५/-**